# ज्येष्ठ नागरिकको आर्थिक, सामाजिक तथा स्वास्थ्य अवस्था

पवित्रा अधिकारी
उप-प्राध्यापक
कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा
email: pabitraadhikari34@gmail.com

## लेखसार

नेपालमा साधारणतया ६० वर्ष वा सोभन्दा माथिको जनसंख्यालाई वृद्ध वा ज्येष्ठ जनसंख्याको रूपमा लिने गरिन्छ । सन् २०२१ को जनगणना अनुसार नेपालको कुल जनसंख्याको १०.२१ प्रतिशत ज्येष्ठ नागरिकहरूको संख्या रहेको छ । यस अध्ययनको प्रमुख उद्देश्य नेपालको झापा जिल्लास्थित कनकाई नगरपालिकाका ज्येष्ठ नागरिकहरूको उमेर, शिक्षा, पेसा, आयस्तर, सामाजिक सुरक्षा र स्वास्थ सेवाको अवस्था पत्ता लगाउनु रहेको छ । आर्थिक तथा सामाजिक क्षेत्रमा ज्येष्ठ नागरिकहरूमाथि गरिएको यस अध्ययनमा उनीहरूको उमेर, शिक्षा, पेसा, आयस्तर, सामाजिक सुरक्षा र स्वास्थ्यको अवस्था पत्ता लगाउने विषय समेटिएको छ । ज्येष्ठ नागरिकसम्बन्धी आर्थिक तथा सामाजिक क्षेत्रका उद्देश्यहरू राखेर परिमाणात्मक अनुसन्धान ढाँचामा यो अध्ययन सम्पन्न गरिएको छ । उद्देश्यमूलक नमूना छनौट विधि प्रयोग गरी तथ्याङ्कलाई विश्लेषणात्मक ढाँचामा यो अध्ययन सम्पन्न गरिएको छ । प्राप्त नतिजा अनुसार उमेर अनुसार गरिएको अध्ययनमा सबैभन्दा बढी ७५-७९ वर्षका १४ जना र सबैभन्दा कम ९०-९४ बर्षका ३ जना ज्येष्ठ नागरिक रहेका छन् । शिक्षा अनुसार गरिएको अध्ययनमा सबैभन्दा बढी निरक्षर २२ जना, साक्षर र प्राथमिक १६/१६ जना, आई.ए. १ जना र एम.ए. १ जना रहेको कुरा अध्ययनबाट प्राप्त भएको छ । कृषि पेसामा २६ जना र अन्य पेसामा ३४ जनाको संलग्नता रहेको छ । न्यून आयस्तर भएका २२ जना, मध्यम आयस्तर भएका ३६ जना र उच्च आय भएका २ जना रहेका छन् भने ज्येष्ठ नागरिकहरूको स्वास्थ्यको अवस्थाको अध्ययन गर्दा साधारण रोग लागेका १८ जना र दीर्घ रोग लागेका ४२ जना रहेको छ । ज्येष्ठ नागरिक भत्ता प्राप्त गर्ने ४० जना र भत्ता प्राप्त नगर्ने २० जना रहेका छन् भने प्राप्त भएको भत्ता रकमबाट घरायसी कामको लागि खर्च गर्ने १७ जना र औषधि उपचारमा खर्च गर्ने २३ जना रहेको कुरा अध्ययनबाट प्राप्त भएको छ । ज्येष्ठ नागरिकहरूको आर्थिक, सामाजिक र स्वास्थ्य क्षेत्रमा उनीहरूको अवस्था कमजोर रहेको कुरा अध्ययनको निष्कर्ष रहेको छ ।

***मुख्य शब्दावली :*** ज्येष्ठ नागरिक, पाका व्यक्ति, बुढाबुढी, वृदावस्था, बुढापाका, बुढ्यौली

## पृष्ठभूमि

संयुक्त राष्ट्र संघले ६० वर्षभन्दा माथिका सम्पूर्ण व्यक्तिहरूलाई ज्येष्ठ नागरिकको परिभाषाभित्र राखेको छ । नेपालको सन्दर्भमा गाँउघरमा बुढाबुढी भनेर चिनिन्छ भने कानुनी हिसाबले ज्येष्ठ नागरिक (Senior Citizen) भनेर परिभाषित गरिएको छ । जापान, अमेरिका, बेलायत जस्ता विकसित देशहरूले ६५ वर्षभन्दा माथि उमेर भएका व्यक्तिहरूलाई ज्येष्ठ नागरिकको परिभाषा भित्र राखेको छ । विश्वमा हरेक

वर्षको अक्टोबर १ तारिखलाई अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाउने गरिएको छ । वृद्धसम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने शास्त्रलाई जेरेन्टोलजी भनिन्छ । जेरेन्टोलजीमा उल्लेख भए अनुसार मानिसलाई बढी परिश्रम, मानसिक तनाव, आलस्य, रोग आदिले छिटो वृद्ध अवस्थामा पुऱ्याउँछ । बुढ्यौलीले बुढो हुने अवस्था अथवा वृद्ध उमेरमा प्रवेश गर्ने प्रक्रियालाई जनाउँदछ । यो प्रकृति प्रदत नियम हो । यस ब्रम्हाण्डमा रहेका हरेक मानिस, जीव-जीवात्माहरू उमेर थपिदै जाँदा सृष्टिको नियम अनुसार नै बिस्तारै बुढो हुँदै जान्छन् । मानव जीवन चक्रमा मानिस भ्रुणावस्था, नवजात अवस्था, शिशु अवस्था, बाल्यावस्था, यौवनावस्था, किशोरावस्था, प्रौढावस्था पार गरेर अन्त्यमा वृद्धावस्थामा प्रवेश गर्दछ । मानिस बुढो एउटै कारणबाट हुन्छ, त्यो हो- उमेर । बुढो भएपछि शारीरिक र मानसिक क्षमतामा ह्रास आउँछ, जस्तैः हाडजोर्नी कमजोर हुनु, छाला चाउरिनु, दृष्टि कमजोर हुनु, हिड्डुल गर्न असजिलो हुनु, यौन क्षमतामा ह्रास आउनु, स्मरणशक्ति क्षीण हुँदै जानु, मुटु तथा फोक्सोका साथै पिसावसम्बन्धी समस्या देखिनु बुढ्यौलीका सामान्य लक्षणहरू हुन् (काफ्ले, २०२१) ।

अक्सफोर्ड शब्दकोशले दिएको परिभाषा अनुसार "बुढ्यौलीको अर्थ वृद्ध हुने प्रक्रिया हो" । अंग्रेजी शब्दकोस अनुसार बुढ्यौलीको अर्थ वृद्ध हुने प्रक्रियालाई जनाउँदछ तर नेपाली शब्दकोशमा मानव जन्मिए पश्चात् त्यति बेला यस चरणमा प्रवेश गर्दछ, जति बेला शरीरका प्रमुख अङ्गहरू (मुटु, फोक्सो, निष्कासन प्रणाली आदि) मा शिथिलता वा फेरबदल आउँछ । शारीरिक र मानसिक दृष्टिकोण अनुसार कुनै पनि मानिस अशक्त, कमजोर भई जोस जाँगर हराउँदै जान्छ र शरीरको कोष र तन्तुले समेत कार्यक्षमता गुमाउँदै जान्छन् । प्रकृतिमा भएका कुनै पनि कुराहरू सधैंभरि एकनासका हुँदैनन् यसमा परिवर्तन आइरहन्छ । त्यसै गरी मानव जीवन सधैं एकनासको अवस्थामा रहँदैन । बाल्यावस्था, किशोरावस्था, प्रौढावस्था र वृद्धावस्था प्रत्येक मानवले पार गर्नै पर्छ, त्यसपछि मानवको मृत्यु हुन्छ ।

कुनै पनि देशमा वृद्धहरूको सङ्ख्यात्मक अवस्थाले पनि सामाजिक तथा आर्थिक क्षेत्रमा प्रभाव पार्ने गर्दछ जुन अध्ययनको विषय हो । कुल जनसंख्यामा वृद्ध जनसंख्याको अनुपात पत्ता लगाउनको लागि वृद्ध सूचकाङ्क (क्षलमभह या ब्नष्लन) को प्रयोग गरिन्छ जुन निम्नानुसार छ :

$$\text{वृद्ध सूचकाङ्क} = \frac{\text{६० वर्ष र सोभन्दा माथिको जनसंख्या}}{\text{१५ वर्ष मुनिको जनसंख्या}} \times \text{१००}$$

यो सूत्रद्वारा वृद्ध सूचकाङ्क हिसाव गर्दा वृद्ध सूचकाङ्क ० र १०० को बिचमा आउँछ । वृद्ध सूचकाङ्क जति बढी आउँछ त्यति नै जनसंख्यामा वृद्धहरूको संख्या अधिक छ भन्ने कुरा बुझिन्छ । वृद्ध जनसंख्यालाई आर्थिक दृष्टिले निस्कृय अर्थात् आश्रित जनसंख्याको रूपमा लिइन्छ ।

## बुढ्यौलीको अध्ययनको औचित्य

बुढ्यौली र यसका विविध पक्षका बारेमा अध्ययन गर्न आजको जल्दोबल्दो आवश्यकता हो किनभने विश्वमा जन्मदर घट्दै जाने र औसत आयुस्तर बढ्दै जाँदा देशको औसत उमेर पनि बढ्दै गएको पाइन्छ । यस तथ्यलाई जनसंख्याको पिरामिडमा देखाउने हो भने तल्लो भाग साँघुरो र माथिल्लो भाग

फराकिलो हुन जान्छ । जनसङ्ख्या संरचनामा यस्तो परिवर्तन देखिएमा बुढ्यौलीको सामाजिक, आर्थिक लगायत विभिन्न पक्षमा केही न केही प्रभाव रहेको हुन्छ । हामीले उमेरको विज्ञानमा सबभन्दा महत्त्वपूर्ण प्रगति हासिल गर्दै गएको अवस्थामा बुढ्यौलीशास्त्रको मानवशास्त्र, मानविकी, मनोविज्ञान, जनसंख्या, समाजशास्त्र, सामाजिर्क, जीवविज्ञान, औषधि र अन्यमा समेत यसको सम्बन्ध रहेको पाइन्छ । यस आधारमा बुढ्यौलीको अध्ययन औचित्यपूर्ण छ ।

बुढ्यौलीको अध्ययन अन्तर्गत वृद्ध आश्रित अनुपातको गणनाबाट भविष्यका योजना तर्जुमा गर्दा अबलम्बन गर्नुपर्ने पक्षलाई मार्गदर्शन प्राप्त हुन्छ भने वृद्धवृद्धाको चापको आधारमा सामाजिक सुरक्षाका कार्यक्रम तय गर्न सहयोग पुग्ने हुन्छ । औसत आयु, अवकाश हुने उमेर आदिको गणनाका लागि पनि जनसंख्या र यसका विभिन्न पाटामा बुढ्यौलीको अध्ययन गर्नु आवश्यक देखिन्छ ।

कुनै पनि देश हालको अवस्थामा आइपुग्न यस अघिको सक्रिय उमेर समूहमा रहेका मानिसहरूको योगदान रहेको हुन्छ अथवा देशको आर्थिक, सामाजिक उन्नयनका लागि हाल गौण वा न्यून भूमिकामा रहेको वृद्ध मानिसहरूको योगदान अतुलनीय रहेको हुन्छ । यही पक्षलाई मध्यनजर गरेर सरकारले निवृत्तिभरण आदिको व्यवस्था गरेको हुन्छ । देशलाई आर्थिक दायित्व पर्ने मध्येको एक महत्वपूर्ण पक्ष सम्बन्धी योजना निर्माण, सुधार वा परिवर्तन गर्दा सरोकारवाला मानिसहरूको अद्यावधिक अवस्था अवगत हुनु पर्दछ । यस अर्थमा अर्थतन्त्रका विभिन्न पक्षमा योगदान गर्ने वृद्धहरूको अध्ययनबिना देशको अर्थतन्त्र धरापमा पर्ने भएकोले पनि बुढ्यौलीको अध्ययन गर्नु अपरिहार्य मानिन्छ ।

समाज जातजाति, भाषाभाषी, उमेर, संस्कृति आदिको संगम स्थल हो । प्रत्येक समाजमा आफ्नै चालचलन, संस्कार, इतिहास रहेको हुन्छन् । विशेष गरी नयाँ पुस्तालाई सामाजिकीकरण गर्ने कार्यमा पुरानो पुस्ताको योगदान रहेका हुन्छन् । पुरानो पुस्ताले नयाँ पुस्तालाई सामाजिक चालचलन सिकाउने र सामाजिकीकरणमा निःशुल्क सहयोग गर्ने हुनाले समाजले उनीहरूलाई कसरी सामाजिक उन्नयनमा उत्प्रेरित गर्ने भन्ने जानकारी तथा उपयोगका माध्यमबाट प्रस्फुटन गर्नका लागि बुढ्यौलीको अध्ययन आवश्यक छ ।

## अन्तर्राष्ट्रिय बुढ्यौली महासंघको इतिहास

अन्तर्राष्ट्रिय बुढ्यौली महासंघको कार्य सञ्चालन सन् १९७३ बाट भएको हो । यस महासंघले आफूलाई एक महत्वपूर्ण बिन्दुको रूपमा उभ्याउन निम्नलिखित बुँदाहरूमा आफ्नो कामलाई केन्द्रित गरेको पाइन्छ (न्यौपाने र सत्याल, २०२०) :

सम्पर्क : विद्वत्वर्ग, गैरसरकारी संस्थाहरू, नीति निर्माता तथा निजी क्षेत्रहरूलाई एकआपसमा जोड्ने ।

सूचना आदानप्रदान र विनिमय : आफ्नै सञ्जालका माध्यमबाट ज्ञानको विनिमयमा सहजीकरण । अनुसन्धान र वकालत : सूचनाको भण्डार प्रदान तथा अनुसन्धानमा साझेदारी ।

नीतिगत ज्ञान : विश्वव्यापी उपादेयता सहित क्षेत्र वरिपरि उमेरगत विविधता, ज्येष्ठ नागरिकलाई संलग्न गराइने आर्थिक संरक्षण तथा उमेरमैत्री समुदाय निर्माण ।

नेपालमा ६० वर्ष वा सोभन्दा माथिको जनसंख्यालाई वृद्ध जनसंख्याको रूपमा लिने गरिन्छ । नेपालको सन् १९६१ देखि २०२१ सम्मका ६० वर्ष वा सोभन्दा माथिको जनसंख्याको विवरण प्रतिशतमा तलको तालिका देखाइएको छ ।

**तालिका १**

*नेपालको वृद्ध मानिसहरूको प्रवृत्ति (सन १९६१-२०२१)*

| सन् | ६० वर्ष वा सो भन्दा माथिको जनसंख्या |
|---|---|
| १९६१ | ५.२ |
| १९७१ | ५.६ |
| १९८१ | ५.७ |
| १९९१ | ५.८ |
| २००१ | ६.५ |
| २०११ | ८.१४ |
| २०२१ | १०.२१ |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २००३, २०१४ र २०२१

माथिको तालिकाबाट नेपालमा ज्येष्ठ नागरिकहरूको प्रतिशत बढ्दै गइरहेको प्रष्ट हुन्छ । वृद्ध मानिसहरूको जनसंख्याको प्रतिशत बढ्नुमा स्वास्थ्य अवस्था मजबुद हुनु, मृत्युदर घट्नु र औसत आयु बढ्नुलाई लिन सकिन्छ । अतः बुढ्यौलीका सन्दर्भमा विभिन्न स्तरका अध्ययन अनुसन्धान सञ्चालन गर्न आवश्यक छ । कुनै खास भौगोलिक क्षेत्रका जनसंख्या सर्वेक्षण गरी बुढ्यौलीसम्बन्धी तथ्यगत निष्कर्ष निकाल्न सकिएमा सम्बन्धित स्थानीय सरकारले कम्तीमा आफ्नो नगरपालिका वा गाउँपालिकास्तर, वडास्तरमा जनसंख्या नीति बनाई विकास कार्यसँग तादात्म्य मिलाउन सक्दछ । यसै सन्दर्भमा नेपालको कनकाई नगरपालिकाको बुढ्यौलीसम्बन्धी तथ्याङ्क सङ्कलन गरी निष्कर्ष प्रस्तुतीकरणमा यो अध्ययन केन्द्रित छ । यस अध्ययनमार्फत प्राप्त निष्कर्ष विभिन्न अनुसन्धानकर्ता तथा विद्यार्थीका लागि बुढ्यौलीसम्बन्धी ज्ञान निर्माण गर्न र स्थानीय सरकारका लागि स्थानीय स्तरका जनसंख्यासम्बन्धी योजनाहरू तर्जुमा गर्न उपयोगी हुने अपेक्षा गरिन्छ ।

## अध्ययनको उद्देश्य

यस अध्ययनको प्रमुख उद्देश्य कनकाई नगरपालिकामा बसोबास गर्ने ज्येष्ठ नागरिकहरूको उमेर, शिक्षा, पेसा, आयस्तर, सामाजिक सुरक्षा र स्वास्थ्य सेवाको अवस्था पत्ता लगाउनु रहेको छ ।

## साहित्यको पुनरवलोकन

लक्षित वर्ग समूहका ज्येष्ठ नागरिकसँग सम्बन्धित केही अध्ययन तथा प्रतिवेदनका निष्कर्षहरूलाई यहाँ प्रस्तुत गरिएको छ ।

पूर्व औद्योगिक समाजमा प्रायः जनसंख्याको आकार सानो रहेको तथा मृत्युदर उच्च रहेको पाइन्छ । सामान्यतया आधा जति बालबालिकाहरू पाँच वर्ष नपुग्दै मृत्युको शिकार हुन्थे भने अधिकांश मानिसहरूको ६० वर्ष नपुग्दै मृत्यु हुने गर्दथ्यो ।.Sokolovky (२००९) का अनुसार यस किसिमको समाजमा वृद्ध मानिसलाई उनीहरूमा रहेको ज्ञान र बुद्धिको लागि सम्मान गरिन्थ्यो । उनीहरूको स्वास्थ्यको अवस्था र ज्ञानको अवस्थाले उनीहरूको सामाजिक अस्तित्वको निर्धारण हुन्थ्यो । स्वास्थ्यको सन्दर्भमा राम्रो स्वास्थ्य रहेका वृद्धावस्थाका मानिसहरूलाई सम्मानपूर्वक हेरिन्थ्यो भने उनीहरूको मानसिक अवस्था पनि सबल रहेको अनुमान गरिन्थ्यो (न्यौपाने र सत्याल, २०२०) ।

Barkar (२००९) का अनुसार पूर्व औद्योगिक समाजमा कमजोर स्वास्थ्य तथा मानसिक अवस्था रहेका मानिसहरूलाई बेवास्ता गरिन्थ्यो । स्वास्थ्यको अवस्थाका आधारमा बुढ्यौलीलाई राम्रो स्वास्थ्य भएकालाई “थ्यगलन इमि” तथा राम्रो स्वास्थ्य नभएकालाई “इमि इमि” गरी २ भागमा विभाजन सहित व्यवहार गर्ने गरिएको अवस्था थियो (पूर्ववत्, २०२० बाट उद्धृत)।

Hooyman and Kiyak (२०११) का अनुसार यदि वृद्ध मानिसको साथमा पर्याप्त धन सम्पत्ति रहेको छ भने समाजमा उनीहरूको बढी प्रभाव रहने तर यसको विपरीत जो व्यक्तिमा धन सम्पति हुन्न त्यस प्रकारका मानिसहरूको समाजमा वृद्धावस्थामा समेत धेरै सम्पत्ति हासिल गर्न नसक्ने हुनाले तल्लो स्तरको जीवन जिउनु पर्ने हुन्छ । अन्य सबै कुराहरू बराबर भए पनि आर्थिक पक्षको कारण वृद्ध तथा ज्येष्ठ नागरिकहरूलाई गरिने व्यवहारमा फरकपना पाउन सकिन्छ (पूर्ववत्, २०२० बाट उद्धृत)।

त्यस्तै Thane (२००५) र Minoic (१९८९) का अनुसार ग्रीस तथा रोमनको प्राचीन सभ्यतामा बुढ्यौली कला र लेखोटले बुढ्यौलीका सन्दर्भमा अनुभव र धारणाहरू आफ्नै किसिमले प्रदान गरेको पाइन्छ जसलाई हामी हाल वृद्ध अवस्था भनिरहेको छौँ त्यस समयमा ८० प्रतिशत मानिसहरूको मृत्यु हुने औसत उमेरलाई मध्य उमेरको संज्ञा दिइएको पाइन्छ । यसले के देखाउँछ भने ज्येष्ठ नागरिकहरू उनीहरूको दिमागी क्षमताको लागि प्राचीन रोम र ग्रिसमा उच्च सम्मान रहेको पाइन्छ भने अर्को तर्फ वृद्धहरूको परिषद्को सहयोगमा ग्रिस र रोमन समाजको शासन व्यवस्था सञ्चालित रहेको पाइन्छ (पूर्ववत्, २०२० बाट उद्धृत) ।

सन् १९७८ डिसेम्बर १४ बसेको संयुक्त राष्ट्र संघको महासभाले प्रस्ताव नम्बर ३३/५२ पास गर्दै सन् १९८२ मा विश्वमा ज्येष्ठ नागरिक सम्मेलन गर्ने उद्देश्यका साथ अष्ट्रियामा १२४ वटा देशका प्रतिनिधिहरूले भाग लिएका थिए । त्यस सम्मेलनमा ज्येष्ठ नागरिकका लागि विश्व कार्ययोजनाको मस्यौदा प्रस्तुत गरिएको थियो जसलाई ७३ देशले समर्थन गरेर बहुमतबाट पास गरिएको थियो । त्यस कार्ययोजनामा कार्यक्रम र नीतिसम्बन्धी ६२ बटा बुँदागत सुझावहरू थिए । ती सुझावहरूमा ज्येष्ठ नागरिक सम्बन्धी निम्नलिखित विषयहरू समावेश भएका थिए : (१) संस्था र पोषण, (२) उपभोक्ता ज्येष्ठ नागरिक संरक्षण, (३) परिवार, (४) समाज कल्याण, (५) आय सुरक्षण र रोजगारी, र (६) शिक्षा तथा अनुसन्धान (काफ्ले र नेपाल, २०२१) ।

नेपालमा ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २००६ ले ६० वर्ष उमेर पूरा गरेका सबै नागरिकहरूलाई ज्येष्ठ नागरिकको रूपमा परिभाषित गरेको छ । उक्त कानुनले ज्येष्ठ नागरिकलाई सबैले सम्मान गर्नु पर्ने,

परिवारका प्रत्येक सदस्यले ज्येष्ठ नागरिकको पालनपोषण गर्नुपर्ने व्यवस्था गरेको छ । त्यस्तै ज्येष्ठ नागरिकलाई भिक्षा माग्न वाध्य पार्न नहुने, अरु कसैको हक नलाग्ने तथा बण्डा गर्नु नपर्ने सम्पत्ति ज्येष्ठ नागरिकले आफू खुसी प्रयोग गर्न पाउने व्यवस्था रहेको छ । सार्वजनिक सेवा प्रदान गर्ने निकायहरू, जस्तैः अस्पताल, यातायातका साधनहरूले ज्येष्ठ नागरिकहरूलाई प्राथमिकता र कानुनले तोके बमोजिम छुट सुविधा दिनु पर्ने व्यवस्था गरेको छ । त्यसै गरी ज्येष्ठ नागरिकलाई कानुन बमोजिम हुने सजायमा निश्चित प्रतिशत छुट, ज्येष्ठ नागरिकको हित र कल्याणको लागि केन्द्रमा एउटा केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समिति र प्रत्येक जिल्लामा जिल्ला ज्येष्ठ नागरिक कल्याण समितिको गठन गर्ने व्यवस्था गरी तिनीहरूको काम, कर्तव्य र अधिकार समेत तोकिदिएको छ । ज्येष्ठ नागरिकको कल्याणको लागि ज्येष्ठ नागरिक कल्याण कोषको समेत स्थापना गर्ने व्यवस्था गरेको छ । त्यसै गरी उक्त कानुनले ज्येष्ठ नागरिकको परिचयपत्र सम्बन्धित गाँउपालिका वा नगरपालिकाबाट उपलब्ध गराउने तथा नेपाल सरकारले ज्येष्ठ नागरिक, असहाय ज्येष्ठ नागरिक, अशक्त ज्येष्ठ नागरिकलाई तोकिए बमोजिम भत्ता वा सुविधा उपलब्ध गराउने व्यवस्था गरेको छ । उक्त कानुनले ज्येष्ठ नागरिकको नाममा कसैले बदनियत राखी कुनै काम-कारबाही गरेमा सजाय समेत हुने व्यवस्था गरेको छ (काफ्ले र नेपाल, २०२१, पृ. १५४) ।

सन् १९९१ को डिसेम्बर १६ मा ज्येष्ठ नागरिकका हक हित संरक्षण गर्ने उद्देश्यले विश्वभरमा लागू हुने गरी संयुक्त राष्ट्रसंघबाट केही सिद्धान्त पारित गरिएका छन् जुन सिद्धान्तले ज्येष्ठ नागरिकका अधिकारहरू निम्नानुसार किटान गरेको छ : (१) स्वतन्त्रताको अधिकार, (२) सहभागिताको अधिकार, (३) हेर विचारको तथा स्याहार सुसारको अधिकार, (४) आत्म परिपूर्तिको अधिकार, र (५) सम्मानको अधिकार ।

ज्येष्ठ नागरिक स्रोत पुस्तिका, २०१२ मा उल्लेख भए अनुसार ज्येष्ठ नागरिकहरूमाथि हुने दुर्व्यवहारलाई विश्व स्वास्थ्य संगठनको प्रतिवेदनले निम्न तीन ओटा विस्तृत क्षेत्रमा विभाजन गरेको छ ( काफ्ले र नेपाल, २०२१) : (१) एउटा क्षेत्र अवहेलना र उपेक्षा हो, कहाँ उनीहरू त्यागिन्छन्, एक्ल्याइन्छन् वा बहिस्कृत हुन्छन्, (२) अर्को क्षेत्रमा उनीहरू कानुनी, मानवीय र स्वास्थ्य अधिकारबाट बञ्चित हुन्छन्, र (३) तेस्रो क्षेत्रमा ज्येष्ठसँग नागरिकहरू हैसियत, मान, मर्यादा र आर्थिक अधिकारबाट मात्र होइन, निर्णय गर्ने र छनौट गर्ने अधिकारबाट पनि बञ्चित हुन्छन् ।

नेपालको कोशी प्रदेशको झापा जिल्लास्थित कनकाई नगरपालिकाको सन्दर्भमा विगतमा ज्येष्ठ नागरिकहरूको आर्थिक, सामाजिक र स्वास्थ्य अवस्था सम्बन्धमा अध्ययन नभएकाले यो अध्ययन सान्दर्भिक रहेको छ । ज्येष्ठ नागरिकसम्बन्धी पुनरवलोकन गरिएका पुस्तक तथा अध्ययन प्रतिवेदनहरूले यस अध्ययनका लागि तथ्यगत आधार प्रदान गरेको छ । यस अध्ययनमार्फत प्राप्त निष्कर्षले विभिन्न अनुसन्धानकर्ता र विद्यार्थीहरूका लागि नयाँ ज्ञान निर्माण गर्न, स्थानीय निकायका लागि स्थानीय स्तरका योजना निर्माण तर्जुमा गर्न सहयोग पुग्ने देखिन्छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन परिमाणात्मक अनुसन्धान ढाँचामा आधारित छ । उद्देश्यमूलक रूपमा ज्येष्ठ नागरिकहरूको उमेर, शिक्षा, पेसा, आयस्तरसँग सम्बन्धित प्रश्नावली भराई तथ्याङ्क सङ्कलन गरिएको छ भने

विभिन्न पुस्तक, जर्नल, गुगल जस्ता द्वितीय स्रोतहरू प्रयोग गरी सूचना सङ्कलन गर्ने कार्य सम्पन्न गरिएको छ । अध्ययनकार्य सञ्चालन गर्नका लागि झापा जिल्लाको कनकाई नगरपालिका वडा ३ र ४ लाई अध्ययन क्षेत्रको रूपमा लिइएको छ । यी दुवै वडाबाट ६० वर्षभन्दा माथिका महिला र पुरुष दुवै जनसंख्यालाई नमूनाको रूपमा लिइएको छ । वडा ३ का ८०० र वडा ४ का ७५० ज्येष्ठ नागरिकहरूमध्येबाट वडा ३ बाट ३० जना र वडा ४ वाट ३० जना गरी जम्मा ६० जना ज्येष्ठ नागरिकहरूलाई असंयोजित नमुना छनौट विधिभित्रको उद्देश्यमूलक नमूना छनोट विधि प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । तथ्याङ्क सङ्कलन गर्ने क्रममा उत्तर दिनसक्ने जो जो भेटियो उनलाई नमुना मानिएको छ । यो नमुना जनसंख्याको प्राप्त विवरणले कनकाई नगरपालिका वडा ३ र ४ का सम्पूर्ण ज्येष्ठ नागरिकहरूको प्रतिनिधित्व गर्न सक्छ भन्ने मान्यता राखिएको छ । छनौट गरिएको जनसंख्यामा प्रश्नावली प्रयोग गरी प्रत्यक्ष संलग्नताको माध्यममा तथ्याङ्क संकलन गरी प्राप्त तथ्याङ्कलाई तालिकामा प्रस्तुत गर्दै विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## अध्ययनको परिसीमा

सीमित समय, स्रोत तथा साधनले गर्दा प्रस्तुत अध्ययनलाई निम्न अनुसार सिमाङ्कन गरिएको छः (१) यो अध्ययन नेपालको झापा जिल्लास्थित कनकाई नगरपालिका वडा ३ र ४ मा मात्र सीमित रहेको छ, (२) यो अध्ययनमा विभिन्न जातजातिका महिला र पुरुष दुवैलाई समावेश गरिएको छ, यो अध्ययनमा ६० वर्ष माथिका ६० जना महिला र पुरुषलाई नमूनाको रूपमा समावेश गरिएको छ, र (३) यो अध्ययनले मात्रात्मक पक्षलाई मात्र जोड दिएको छ ।

## नतिजाको विश्लेषण

झापा जिल्लाको कनकाई नगरपालिका वडा ३ र ४ का ६० वर्ष वा सोभन्दा माथिका ज्येष्ठ नागरिकहरूमाथि गरिएको अध्ययनबाट प्राप्त भएको तथ्याङ्कीय विवरणलाई चर्चा गरिएको छ । उमेर अनुसारका ज्येष्ठ नागरिक नेपालमा साधारणतयाः ६० बर्ष वा सोभन्दा माथिको जनसंख्यालाई वृद्ध जनसंख्याको रूपमा लिने गरिन्छ । कनकाई वडा ३ र ४ मा रहेका ज्येष्ठ नागरिकहरूको उमेर अनुसारको विवरणलाई तलको तालिकामा विश्लेषण गरिएको छ ।

**तालिका २**

*उमेर अनुसारको ज्येष्ठ नागरिकहरूको जनसंख्या र प्रतिशत*

| उमेर समूह | पुरुष | महिला | जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|
| ६०-६४ | ४ | २ | ६ | १०.०० |
| ६५-६९ | ६ | ४ | १० | १६.६७ |
| ७०-७४ | ७ | ६ | १३ | २१.६७ |
| ७५-७९ | ७ | ७ | १४ | २३.३३ |
| ८०-८४ | ५ | ३ | ८ | १३.३३ |
| ८५-८९ | ४ | २ | ६ | १०.०० |
| ९०-९४ | २ | १ | ३ | ५.०० |
| जम्मा | ३५ | २५ | ६० | १००.०० |

स्रोतः स्थलगत अध्ययन, २०२३

माथिको तालिकाबाट के प्रष्ट हुन्छ भने ६० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकहरूको उमेर समूहलाई हेर्दा अध्ययन गरिएको जनसंख्यामा सबैभन्दा बढी ७५-७९ वर्ष उमेर समूहका १४ जना ज्येष्ठ नागरिकहरू पाइन्छ भने सबैभन्दा कम ९०-९४ वर्ष उमेर समूहका ३ जना मात्र ज्येष्ठ नागरिकहरूको संख्या रहेको कुरा प्राप्त हुन जान्छ ।

**शिक्षा अनुसार ज्येष्ठ नागरिक**

शिक्षा समाज र मानव विकासको एउटा आधारभूत सूचक हो । शिक्षा बिना आधुनिक समाजको परिकल्पना समेत गर्न सकिदैन । यसले मानिसलाई सोँच्ने, समाजलाई बुझ्ने र आफ्नो परिवारको हितमा समर्पित हुने वा विवेकपूर्ण निर्णय गर्न सक्ने क्षमताको विकास गराउँदछ । अध्ययन गरिएको जनसंख्यामा शिक्षा अनुसारको बनोटलाई तलको तालिकामा दिएको छ ।

**तालिका ३**

*शिक्षा अनुसार ज्येष्ठ नागरिकको अवस्था*

| शिक्षा तह | संख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | २२ | ३६.६६ |
| साक्षर | १६ | २६.६६ |
| प्राथमिक | १६ | २६.६६ |
| माध्यमिक | २ | ३.३३ |
| एस.एल.सी | २ | ३.३३ |
| आइ.ए. | १ | १.६६ |
| एम.ए. | १ | १.६६ |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०२३

माथिको तालिका अनुसार सबैभन्दा बढी निरक्षर २२ जना, साक्षर १६ जना, १६ जना, माध्यमिक २ जना र एस.एल.सी. भन्दा माथि जम्मा ४ जनाको संख्या देखिन्छ । यसले के देखाउँछ भने नेपालमा राम्रोसँग अध्ययन अध्यापन गराउने विद्यालयको व्यवस्थापन नभएको कारणले ६० बर्ष भन्दा माथिका ज्येष्ठ नागरिकहरू शिक्षाको अवस्थामा कमजोर भएको देखिन्छ ।

**पेशा अनुसार ज्येष्ठ नागरिक**

पेसाले मानिसको आर्थिक, सामाजिक स्तरमाथि पुऱ्याउन सहयोग गर्दछ । जुन मानिसहरू अफिसियल पेसामा संलग्न छन् तिनीहरूको चेतनाको स्तर उच्च हुने साथै आर्थिक स्थिति पनि सबल हुने गर्दछ तर जुन मानिसहरू नन्-अफिसियल पेसामा संलग्न हुन्छन्, तिनीहरूको चेतनाको स्तर पनि कमजोर हुनुका साथै आर्थिक स्थिति पनि कमजोर बन्ने गर्दछ (काफ्ले, २०२१) । यस अध्ययनमा संलग्न पेसा अनुसार ज्येष्ठ नागरिकको अवस्था तालिका ४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४**

*पेसा अनुसारको ज्येष्ठ नागरिकको अवस्था*

| पेसा | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | २६ | ४३.३३ |
| व्यापार | १९ | ३१.६७ |
| मजदुर | ७ | ११.६७ |
| कर्मकाण्ड | ३ | ५.०० |
| शिक्षक | ३ | ५.०० |
| सामाजिक कार्यकर्ता | १ | १.६७ |
| कर्मचारी | १ | १.६७ |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०२३

माथिको तालिकालाई अध्ययन गर्दा सबैभन्दा बढी कृषि पेसामा संलग्न रहेको ज्येष्ठ नागरिकहरूको अवस्था रहेको छ । त्यसपछि व्यापारमा १९ जना, मजदुरमा ७ जना, कर्मकाण्ड ३ जना, शिक्षक ३ जना, सामाजिक कार्यकर्ता र कर्मचारी १/१ जना देखिन्छ । यो तथ्याङ्कले के देखाउँछ भने हिजोको समयमा मानिसहरूले पढ्ने सुविधा थिएन । महिलाहरूलाई पढाउने चलन थिएन । बाजेबजैले जे काम गर्न हुन्थ्यो छोरा, छोरीले त्यही काममा नैं संलग्न हुनुपर्थ्यो । सबैभन्दा बढी नागरिकहरू कृषि पेसामा संलग्न हुने गर्थे । त्यसैले अध्ययन गरिएको जनसंख्यामा पनि कृषि पेसामा बढी र गैर-कृषि पेसामा संलग्न मानिसहरूको संख्या रहेको देखिन्छ ।

## आयस्तर अनुसार ज्येष्ठ नागरिक

आयस्तरले मानिसहरूको आर्थिक अवस्थालाई निर्धारण गर्दछ । जुन मानिसहरूको आर्थिक अवस्था उच्च हुन्छ उनीहरूको जीवन गुणस्तरीय बन्दछ । जुन मानिसहरूको आर्थिक अवस्था कमजोर हुन्छ उनीहरूको जीवन दयनीय अवस्थामा रहेको हुन्छ । यस अध्ययनमा आधारभूत आवश्यकता पूरा गर्न पनि समस्या रहेका ज्येष्ठ नागरिकलाई न्यून आयस्तर, आधारभूत आवश्यकता सजिलै पूरा गर्न सक्ने तथा घरजग्गा भएकालाई मध्यम आयस्तर र पर्याप्त घरजग्गा, व्यापार/व्यवसाय वा नोकरी समेत भएकालाई उच्च आयस्तर मानिएको छ । यसै आधारमा प्राप्त नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ । ।

**तालिका ५**

*आयस्तर अनुसार ज्येष्ठ नागरिकको अवस्था*

| आयस्तर | संख्या | प्रतिशत |
|---|---|---|
| न्यून | २२ | ३६.६७ |
| मध्यम | ३६ | ६०.०० |
| उच्च | २ | ३.३३ |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०२३

नतिजा अनुसार मध्यम आय भएको ३६ जना, न्यून आय भएका २२ जना र उच्च आय भएको २ जना देखिन्छ। यसले के देखाउँदछ भने नेपालको आर्थिक अवस्था नै कमजोर भएकोले सम्पूर्ण नेपालीहरूको आयस्तरको अवस्था पनि कमजोर देखिन्छ किनभने हिजोका मानिसहरूले पढ्न पाएका थिएनन् । पढ्न नपाएपछि काम गर्ने अवसर पनि प्राप्त गर्न सकेनन् तर आजका मानिसहरूले पढ्ने अवसर पाएका छन् तर काम गर्ने अवसर नपाएर दैनिक रूपमा आफ्नो जन्म भूमिलाई छोडेर विदेश जानु पर्ने अवस्था सृजना भएको छ। यसले अर्थतन्त्रमा क्षणिक सुधार भए पनि दिगो रूपमा यसले सुधार गर्न सक्दैन।

## स्वास्थ्यको अवस्था अनुसार ज्येष्ठ नागरिक

विश्व स्वास्थ्य संघका अनुसार स्वास्थ्य भनेको रोग तथा दुर्वलताबाट मुक्त हुनु मात्र नभई शारीरिक, मानसिक तथा सामाजिक रूपले पूर्ण तन्दुरुस्त रहेको अवस्थालाई स्वास्थ्य भनिन्छ । त्यसैले स्वास्थ्यलाई धनको रूपमा हेर्ने गरिन्छ। जुन मानिसको स्वास्थ्य ठिक छ त्यो मानिसले सजिलै धन कमाउन सक्छ तर जुन मानिसको स्वास्थ्य ठीक छैन उसले आफ्नो शरीरलाई ठिक पार्न धन खर्चनु पर्ने धन कमाउनको साटो धन गुमाउन सक्दछ । अध्ययन गरिएको जनसंख्यामा स्वास्थ्यको अवस्थालाई तलको तालिकामा दिइएको छ।

**तालिका ६**

*स्वास्थ्यको अवस्था अनुसार ज्येष्ठ नागरिकको अवस्था*

| स्वास्थ्यको अवस्था | संख्या | प्रतिशत |
|---|---|---|
| साधारण रोग | १८ | ३०.०० |
| दीर्घ रोग | ४२ | ७०.०० |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०२३

प्राप्त नतिजाबाट प्रष्ट हुन्छ साधारण रोग लागेका १८ जना र दीर्घ रोग लागेका ४२ जना रहेको तथ्याङ्कले जनाउँदछ । यसबाट के प्रष्ट हुन्छ भन्ने समयमा धेरै मानिसहरूलाई रोग लागेको छ किनभने आधुनिक समयमा रहेको खानपान र रहनसहनमा आएको परिवर्तनले गर्दा मानिसहरू आजको समयमा रोगको सिकार बन्दै गएका हुन् । अध्ययन गरिएको जनसंख्यामा पनि साधारण रोगभन्दा दीर्घ रोगले सताउने मानिसहरूको संख्या बढी देखिन्छ।

## सामाजिक सुरक्षा अनुसार ज्येष्ठ नागरिक

नेपालमा ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २००६ ले ६० बर्ष उमेर पुरा गरेका सबै नागरिकहरूलाई ज्येष्ठ नागरिकको रूपमा परिभाषित गरेको छ। नेपाल सरकारले १९९५ सालदेखि सामाजिक सुरक्षा भत्ता कार्यक्रम मार्फत ज्येष्ठ नागरिकलाई केही रकम दिएर सम्मान गर्ने कार्यक्रमको सुरुवात गरेको पाइन्छ। यो क्रम निरन्तर रूपमा अहिलेसम्म चलिरहेको पाइन्छ। त्यसैले अध्ययन गरेको जनसंख्यामा पनि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ज्येष्ठ नागरिकहरूको विवरण प्रस्तुत गरिएको छ।

**तालिका ७**

*सामाजिक सुरक्षा अनुसारको ज्येष्ठ नागरिकहरूको अवस्था*

| सामाजिक सुरक्षा भत्ता | संख्या | प्रतिशत |
|---|---|---|
| भत्ता प्राप्त नगर्ने | २० | ३३.३ |
| भत्ता प्राप्त गर्ने | ४० | ६६.६७ |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०२३

माथिको तालिकाबाट के प्रष्ट हुन्छ भने सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न सत्तरी वर्षको हुनु पर्ने नेपाल सरकारको नियम रहेको छ त्यसैले अध्ययन गरिएको जनसंख्यामा ४० जना ज्येष्ठ नागरिकले सामाजिक सुरक्षा भत्ता रकम प्राप्त गरेको देखिन्छ भने २० मध्ये १६ जनाको सामाजिक सुरक्षा भत्ता खाने उमेर पुगेको देखिदैन भने ४ जनाले ज्येष्ठ नागरिकहरू नेपाल सरकारबाट पेन्सन खाने हुनाले २० जनाले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेको देखिँदैन ।

सामाजिक सुरक्षा भत्ता रकमको सदुपयोग अध्ययन गरिएको जनसंख्यामा सामाजिक सुरक्षा भत्ता रकम नेपाल सरकारबाट प्राप्त गरिसकेपछि ज्येष्ठ नागरिकहरूले निम्न बमोजिमको कामको लागि प्रयोग गर्नुहुन्छ भन्ने विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका ८**

*प्राप्त रकम प्रयोग गर्ने सम्बन्धमा*

| प्रयोग | संख्या | प्रतिशत |
|---|---|---|
| घरायसी | १७ | ४२.५० |
| औषधी | २३ | ५७.५० |
| जम्मा | ४० | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०२३

माथिको तालिकोदेखाउँछ नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता कार्यक्रम मार्फत प्राप्त गरेको रकम पनि उनीहरूले आफ्नो आवश्यकता अनुसार खर्च गरेको पाइन्छ । अध्ययन गरिएको जनसंख्यामा १७ जना ज्येष्ठ नागरिकहरूले घरायसी कामको लागि र २३ जना ज्येष्ठ नागरिकहरूले आफ्नो शरीरमा लागेको रोगलाई निर्मूल पारी धेरै समयसम्म बाँच्नको लागि औषधी उपचारमा खर्च गरेको देखिन्छ ।

## निष्कर्ष

नेपालमा ६० वर्ष वा सोभन्दा माथिको जनसंख्यालाई वृद्ध वा ज्येष्ठ नागरिक मानिन्छ । सन् २०२१ को जनगणना अनुसार नेपालको कुल जनसंख्याको १०.२१ प्रतिशत ज्येष्ठ नागरिकहरू रहेका् छन् । अध्ययन क्षेत्र कनकाई नगरपालिका वडा ३ र ४ को ६० जना ज्येष्ठ नागरिकहरू माथि गरिएको अध्ययनको निष्कर्षअनुसार उमेर अनुसारको विवरणमा सबैभन्दा बढी ७०-७४ वर्षका २१.३६ प्रतिशत र सबैभन्दा कम ९०-९४ वर्ष उमेर समूहका ५ प्रतिशत, शिक्षा अनुसारको अध्ययनमा निरक्षर ३५.६६ प्रतिशत, साक्षर

२३.६६ प्रतिशत, आइ.ए. १.३३ र एम.ए. १.६६ प्रतिशत, पेसा अनुसारको अध्ययन अनुसार कृषि पेसामा ४३.३३ प्रतिशत, व्यापार ३१.६७ प्रतिशत र सबैभन्दा कम कर्मचारी १.६७ प्रतिशत तथा सामाजिक कार्यकर्ता १.३६ प्रतिशत रहेका छन् । त्यसै गरी आयस्तर अनुसार न्यून ३६.६७ प्रतिशत, मध्यम ६० प्रतिशत र उच्च २ प्रतिशत, स्वास्थ्यको अवस्था अनुसार साधारण रोग लागेको ३० प्रतिशत र दीर्घ रोग लागेका ७० प्रतिशत रहेका छन् भने सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ६६.६७ प्रतिशत र भत्ता प्राप्त नगर्ने ३३.३३ प्रतिशत, भत्ताबाट प्राप्त रकमले घरायसी खर्च गर्ने ४२.५० प्रतिशत र औषधिमा खर्च गर्ने ५७.५० प्रतिशत रहेका छन् ।

ज्येष्ठ नागरिकहरू माथि गरिएको अध्ययनको निष्कर्ष अनुसार नेपाली नागरिकहरूको औसत आयुमा वृद्धि, निरक्षर जनसंख्याको बाहुल्यता, कृषि र व्यापार पेसामा बाहुल्यता, मध्यम स्तरको आयस्तर बढी र उच्च आयस्तर कम, दीर्घ रोगीको संख्या बढी, भत्ता प्राप्त गर्ने जनसंख्या बढी, प्राप्त भत्ताले आफ्नो रोगलाई निर्मूल पार्न औषधि उपचारमा बढी खर्च गरिएको पाइयो । विभिन्न दृष्टिकोणबाट हेर्दा उनीहरूको अवस्था कमजोर नै देखिन्छ त्यसैले उनीहरूको अवस्थालाई बुझेर स्थानीय सरकारले वर्तमान समयमा हरेक क्षेत्रमा सहयोग गर्नुपर्ने आवश्यकता देखिन्छ ।

ज्येष्ठ नागरिक घर, परिवार, समाज र समग्र राष्ट्रका अमूल्य नीधि हुन्, अतितका पौरख हुन्, वर्तमानका सम्पदा हुन्, उनीहरू आफैमा ज्ञान, सिप र अनुभवका कुवेर नै हुन् । हामीले गौरव गर्नुपर्छ उनीहरू हाम्रो साथमा छन्, हामीले सकेको सम्मान दिनुपर्छ, सद्भाव व्यक्त गर्नुपर्दछ र सुरक्षित राखी मर्यादित जीवन बाँच्न दिनु पर्दछ । सुरक्षामा पनि सम्पत्तिका लागि आफ्नै सन्तान, हकवाला अंशियार र नातेदारहरूबाट ज्येष्ठ नागरिकहरू दर्व्यवहारको शिकार भैरहेको छन् । यस्तो दुर्व्यवहार कहाँ कति कसले गर्दा भन्ने कुराको तथ्याङ्क अझसम्म पनि राम्रोसँग संकलन गर्न सकिरहेको छैन । देशको कुल जनसंख्याको १०.२१ प्रतिशत पुगिसकेका ज्येष्ठ नागरिकहरू माथिको दुर्व्यवहारका घटनालाई लुकेर रहेको समस्या मान्ने गरिन्छ किनभने परिवारभित्र बसेको घर वृद्धामाथि हुने अपमान अवहेलना र दुर्व्यवहार प्रायः परिवार भित्रैबाट हुने हुनाले यस्ता समस्यालाई सामाजिक दृष्टिले प्रकाशमा ल्याउन निषेधित विषय मानिन्छ । ज्येष्ठ नागरिकहरूमा भएका दुर्व्यवहार र अवहेलनालाई मानव अधिकार हननको घटना ठानेर यसको निवारण गर्नुपर्छ भन्ने प्रयासमा यो क्षेत्रका अधिकार बादीहरू गम्भिर रूपमा लागेको पाइन्छ । खासगरी बढ्दो विश्वव्यापीकरण, बढ्दो आधुनिकीकरणबाट टाढा टाढाका देशमा मानिसहरू काम गर्न जान थालेपछि सांस्कृतिक, आर्थिक र सामाजिक रूपया नै पुस्तान्तरका घटना तीव्र रूपमा देखा पर्न थालेपछि ज्येष्ठ नागरिकका समस्या समाजको टाउकोमा तनावका विषय बन्न थालेपछि ज्येष्ठ नागरिक माथिका दुर्व्यवहार बारेमा समेत समाज मुखरित हुन थालेको छ । विश्वका विकसित देशहरूमा ज्येष्ठ नागरिकप्रतिको दुर्व्यवहारबारे विभिन्न अध्ययन भइसकेका छन् र निराकरणका उपाय पनि अपनाइने गर्दछन् तर नेपालमा यस्तो अध्ययन गर्ने, दुर्व्यवहारसम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने र त्यसको निराकरण गर्ने काममा अझै पनि सरकारको ध्यान पुगेको छैन । ज्येष्ठ नागरिकहरूमाथि हुने असुरक्षा तथा दुर्व्यवहार न्यून गर्न शिक्षामूलक व्यवस्था, उपचारात्मक व्यवस्था, निरोधात्मक व्यवस्था, अभियोजनात्मक व्यवस्था र पुर्नस्थापनाको व्यवस्था आदि उपायहरू अवलम्बन गर्न सकिन्छ (ज्येष्ठ नागरिक स्रोत पुस्तिका, २०१२) ।

## सन्दर्भ सूची

न्यौपाने, ईश्वर प्रसाद, र सत्याल केदार (२०२०), *बुढ्यौलीका मूलभूत पक्ष,* नुर डेस्कटप सर्भिस ।

काफ्ले, रामेश्वर, र नेपाल, विमल (२०२१), *जनसंख्या शिक्षामा परियोजना कार्य तथा गोष्ठि,* जुपिटर पब्लिकेसन ।

काफ्ले, रामेश्वर (२०२१), *जनसंख्या शिक्षाको आधार,* जुपिटर पल्लिकेसन ।

केन्द्रीय तथ्याङ्क विभाग (२०१४), *पपुलेसन मोनोग्राफ अफ नेपाल* (अङ्क १, २ र ३), लेखक ।

केन्द्रीय तथ्याङ्क विभाग (२०२१), *पपुलेसन मोनोग्राफ अफ नेपाल,* लेखक ।